क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः ८१, २०८२ भदौ १८ गते बुधबार (3 Sep., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका दैनिक

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं,
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं,
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# महाकाली नदीको कटानले बस्ती जोखिममा

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १७ भदौ**

महाकाली नदीको कटानले कञ्चनपुरको दोधारा-चाँदनी नगरपालिका-१० स्थित कुतियाकवर जोखिममा परेको छ। पूर्वमा महाकाली र उत्तरमा जोगबुढा नदीको दोसाधमा रहेको कुतियाकवर दक्षिणमा भने भारतसँग जोडिएको छ। यो बस्तीमा महाकाली नदीको लगातारको कटानले बढी क्षति पुगेको हो । स्थानीयका अनुसार नदीको कटानले यहाँ दुई बिघाभन्दा बढी जमिन नदीमा समाहित भइसकेको छ ।

बस्ती जोगाउन सरकारसँग पटकपटक आग्रह गरे पनि नदीको कटान रोक्न तटबन्ध निर्माण हुन नसकेको स्थानीय टेकबहादुर सुनारले बताए। उनका अनुसार डुबान र कटानका कारण यहाँबाट अधिकांश बसाइँ सरेर अन्यत्र गइसकेका छन् ।

'नदीले निरन्तर कटान गरिरहेकाले नदी बस्ती छेउमा पुगिसकको छ । सरकारले यहाँ तटबन्ध निर्माण गर्नुपर्नेमा हालसम्म नगर्दा बस्ती साघुँरिदै गएको छ', उनले भने, 'नदीले बर्सेनी खेतीयोग्य



जमिन कटान गर्दै आएको छ। हामीलाई त बस्ती नै नदीमा समाहित हुने चिन्ता बाढ्दै गएको छ।' विसं २०२२ देखि बस्ती बसेको कुतियाकवरमा यसअघि १५० परिवारको बसोबास थियो। महाकाली र जोगबुढा नदी बस्ती पस्न थालेपछि १०० परिवार विस्थापित भएका छन् । विसं २०७४ मा जोगबुढा नदीमा झोलुङ्गे पुल बनेर नगरसँग जोडिएपछि स्थानीयलाई केही राहत भएको थियो। त्यसअघि स्थानीयलाई नगरपालिका पुग्न ढुङ्गाको प्रयोग गर्नुपर्ने बाध्यता थियो ।

'विगतका वर्षमा आउने बाढीबाट धेरै दुःख पायौँ', स्थानीय खडक बुढाले भने, 'विसं २०७८ को बाढीले गाईभैंसी, बाख्रा सबै बगायो। घरमा रहेको अन्न पनि बचेन।' यसवर्ष जोगबुढा नदीमा तटबन्ध निर्माण सुरु भएपछि डुबानबाट सुरक्षित हुने आशा गरिएको बताउँदै उनले निर्माण सम्पन्न नहुँदा निरन्तर कटान भइरहेको उल्लेख गरे। उनका अनुसार केही वर्षअघिसम्म बाक्लो बसोबास रहेको कुतियाकवर बाढीका कारण धेरै बसाइँ सरेर अन्यत्र गएपछि बस्ती पातलिँदै गएको हो ।

दोधारा-चाँदनीका नगरप्रमुख किशोर लिम्बूले कुतियाकवरमा महाकाली नदीले कटान गरिरहेकाले बस्तीको सुरक्षाका लागि दुई वटा 'सेफहाउस' (सुरक्षित आवास) निर्माण गरिएको बताए । 'महाकाली नदीले बस्तीको भूभाग कटान गरिरहेको छ, हामीले पानी घटेको स्थानमा ग्राभेल हालेर सुरक्षाको उपाय अपनाइरहेका छौँ', उनले भने, 'मानवीय क्षति हुन नदिन पालिकाले संयन्त्र बनाएर काम गरिरहेको छ।' उनले महाकाली र जोगबुढा नदीका विभिन्न स्थानमा जलमापन यन्त्र जडान गरेर त्यहाँको सूचना सिधैँ नगरपालिकामा आउने व्यवस्था मिलाइएको उल्लेख गरे ।

बाढीबाट कुतियाकवर बस्ती जोगाउन सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयले जोगबुढा नदीमा ८१६ मिटर लामो तटबन्ध निर्माण सुरु गरेको थियो । ढिलोगरी ठेक्का सुरु भएकाले नदीमा पानी बढेपछि निर्माण व्यवसायीले काम नगर्दा पूर्ण हुन नसकेको नगरप्रमुख लिम्बूले जानकारी दिए। तटबन्ध निर्माणका लागि कार्यालयले गत चैत २५ गते रु पाँच करोड १६ लाख ६७ हजारमा शङ्कर कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार ८१६ मिटर लामो तटबन्ध आगामी चैत २५ भित्र सम्पन्न गरिसक्नु पर्नेछ। 'करिब ५० बिघा क्षेत्रफलमा रहेको बस्ती हरेक वर्षको कटानले साघुँरिदै गएको छ। कटानका कारण सीमास्तम्भ नं २२ लामो समयदेखि हराइरहेको छ। २२ नम्बर पिल्लर भएको ठाउँमा अहिले महाकाली बग्छ', लिम्बूले भने ।

बाढी प्रभावित क्षेत्रमा सिडियो ढकाल

# जनताको सुरक्षालाई उच्चतम बिन्दुमा राखेर काम गर्न निर्देशन

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १७ भदौ**

कञ्चनपुरको दोधाराचाँदनी, भीमदत्त नगरपालिका वाढी प्रभावित क्षेत्रमा प्रमुख जिल्ला अधिकारी (सिडियो) लक्ष्मण ढकाल सहितका जिल्ला स्थित सुरक्षा निकायका प्रतिनिधीले स्थलगत अनुगमन गरेका छन ।

वाढी प्रभावित क्षेत्रमा सोमबारै सिडियो ढकाल नेतृत्वको टोलीले स्थलगत रुपमा अनुगमन गरेका हुन । भीमदत्त नगरको भुजेला, दोराधाचाँदनी नगरको जगबुढा वाढी प्रभावित क्षेत्र, सशस्त्र प्रहरीको बिओपी सहित वाढी प्रभावित स्थानीयसंग भेटघाट गरेका छन । प्रजिअ ढकालले विपदका बेला मानविय सेवामा खटिबद्ध भएर खटिन सुरक्षाकर्मीलाई निर्देशन दिएका छन । वाढीको संकटका बेला उद्दार, कटानी क्षेत्रमा पुर्नस्थापना, राहत एव पीडितमैत्री भएर मानविय व्यवहार गर्न समेत सरोकारवालासग आग्रह गरेका छन। ढकालले वाढी प्रभावित क्षेत्रको स्थलगत अनुगमन गर्दै थप उद्दार, राहतदेखि अझैपनि मौषम प्रतिकुलै रहेकाले




जगबुढा, महाकाली, चौधर, मोहना सहित नदीखोला नाला तटिय क्षेत्रका स्थानीय सचेत रहन आग्रह गरेका छन । बर्षा नरोकिएपछि कञ्चनपुरको जनजिवन समेत प्रभावित भएको छ ।

# गड्डाचौकीबाट 'स्वतन्त्रको एकता महाकाली मेची यात्रा' शुरु

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १७ भदौ**

'समृद्ध राष्ट्र निर्माणका लागि सङ्कल्प अभियान नेपाल' द्वारा स्वतन्त्रको एकता महाकाली मेची यात्रा कञ्चनपुरको गड्डाचौकीबाट सुरु भएको छ ।

कैलालीको गोदावरीका युवा प्रेमराज भट्टको नेतृत्वमा सुरु भएको अभियानको उद्घाटन सुदूरपश्चिम प्रदेश सभा सदस्य डा. तारादत्त जोशीले राष्ट्रिय झन्डा हस्तान्तरण गर्दै गरेका हुन् । महाकाली मेची यात्राको सुदूरपश्चिम




प्रदेश सांसद डा. तारा प्रसाद जोशीले उद्घाटन गर्दै नेपालको राष्ट्रिय झण्डा अभियानका संयोजक प्रेम राज भट्टलाई हस्तान्तरण गरेर यात्रा सुरु भएको घोषणा गरेका छन। अभियान अन्तरगत पूर्व पश्चिम राजमार्गका विभिन्न ठाउँमा कोष सभाको आयोजना गरेर २० गते मेची पुग्ने कार्यक्रम रहेको छ। अभियान २१ गते धरानमा पुगेर हर्क साम्पाङ मार्फत समापन गरिने जनाईएको छ ।

राजनितिक दलहरुले अहिलेको समस्याको समाधान दिन नसक्ने भन्दै उनिहरुले कम्तिमा स्थानिय तहमा स्वतन्त्र ब्यक्ती निर्बाचित हुनुपर्ने जिकिर राख्दै आएका छन ।

# सिद्धनाथ मन्दिरमा देउडा प्रतियोगिता

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १७ भदौ**

कञ्चनपुरको महेन्द्रनगर सिद्धनाथ मन्दिर समितिले महिला देउडा प्रतियोगिता आयोजना गरेको छ ।

मंगलबारदेखि भीमदत्त नगरपालिका ४महेन्द्रनगर सिद्धनाथ मन्दिर समितिले महिला देउडा प्रतियोगिता आयोजना गरेको हो। भीमदत्त नगरपालिका ४ का वडाध्यक्ष शुशिल भट्टले देउडाको उद्‌घाटन गर्दै सुदूरपश्चिमको लोक संस्कृति सरक्षणमा जोडदिएका छन । सिद्धनाथ मन्दिर समितिका कोषाध्यक्ष चेतराज जोशीले समिति सहितका ५ टिमविच प्रतिस्पर्धा हुने र विजेता



टिमलाई पुरस्कार प्रदान गरिने बताए । सिद्धनाथ मन्दिर समितिका कावा अध्यक्ष कैलास भट्टले सरक्षण संरक्षणा लागि देउडा प्रतियोगिता गरेको बताए ।

## प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्
## भिमदत्त बहुप्राविधिक शिक्षालय
### पाटन, बैतडी

**डिप्लोमा तथा प्रमाण पत्र तहको डिप्लोमा इन एग्रीकल्चर(प्लान्ट साइन्स) र डिप्लोमा तथा प्रमाण पत्र तहको डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग पूर्ण शुल्कीय तर्फ रिक्त कोटामा निवेदन आह्वान सम्बन्धी सूचना**

**सुचना प्रकाशित मिति : २०८२ भदौ १७ गते**

उपरोक्त सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरद्धारा प्रवेश परीक्षा सम्बन्धी प्रकाशित सुचना अनुसार डिप्लोमा इन एग्रीकल्चर(प्लान्ट साइन्स) र डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग पूर्ण शुल्कीय तर्फ **मिति २०८२/०४/२० गतेसम्म आवेदन दिएका** प्रशिक्षार्थीहरुको परिषद् सुदूरपश्चिम प्रदेश कार्यालयको मिति २०८२/०४/२३ र मिति २०८२/०४/२५ गते न्एब को आधारमा नतिजा प्रकाशित सुचना बमोजिम कोटा अनुसार आवेदन नपरि केही कोटाहरु रिक्त रहन गएकाले भर्ना सम्बन्धी निर्देशिका २०८२ को दफ १९ बमोजिम तपशिल अनुसार का रिक्त कोटाहरुमा भर्नाको लागि यस शिक्षालयको कृषि कार्यक्रम, सिभिल कार्यक्रम, फर्मेसी कार्यक्रमको पास लिस्टको सूचीमा रहेका ईच्छुक उम्मेदवारबाट ०५(पाँच) दिनको म्याद राखी मिति २०८२/०५/२१ गतेसम्म शिक्षालयमा निवेदन पेश गर्न निवेदन आह्वान सम्बन्धी सुचना प्रकाशित प्रकाशित गरिएको व्यहोरा सम्बन्धीत सबैलाई यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.स. | कार्यक्रम | रिक्त कोटा | कोटा संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | डिप्लोमा इन एग्रीकल्चर (प्लान्ट साइन्स) | खुल्ला | २९ | |
| २ | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | खुल्ला | ३० | |

**जीवनदत्त पन्त**
**शिक्षालय प्रमुख**

## निर्माण व्यवसायी संघको १५ औं अधिवेशन

# अब्बल निर्माण व्यवसायी देबीदत्त महासचिवको दौडमा

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १७ भदौ**

निर्माण व्यवसायी संघ कञ्चनपुरको भदौ २१ गते हुने निर्वाचनमा देबीदत्त भट्ट महासचिव पदका उम्मेदवार छन् । संघको १४ औं कार्य समितिमा सदस्य निर्वाचित भट्ट १५ औं अधिवेशनबाट महासचिव हुने लक्ष्य लिएर चुनावी मैदानमा होमिएका छन् ।

संघको १५ औं निर्वाचनमा हालसम्म संघका वर्तमान अध्यक्ष निरञ्जन प्रसाद भट्ट र पूर्व वरिष्ठ उपाध्यक्ष पुष्पराज अवस्थी प्यानल घोषणा गरी चुनावी मैदानमा छन् । महासचिव पदका उम्मेदवार भट्ट अवस्थी प्यानलबाट उम्मेदवार छन् । भट्ट प्यानलबाट संघका वर्तमान महासचिव योगेन्द्र ठकुराठी उनका प्रतिस्पर्धी छन् ।

भीमदत्त नगरपालिका ६ ऐठपुरका भट्टको पुर्ख्यौली थलो बैतडीको मेलौली नगरपालिका ६ हतरङ्ग हो । उनी निर्माण व्यवसायमा आवद्ध भएको अढाई दशक पुगेको छ । उनी शनिदेब निर्माण सेवा प्रा.लि.का सञ्चालक हुन् ।

२०५७ मा निर्माण कम्पनी खोलेर निर्माण व्यवसायमा आउन अघि भट्ट अन्य व्यवसायमा आवद्ध थिए । इन्जिनियर वा ओभरसिएर भएर सरकारी सेवामा जागिर खान उनले सिद्धनाथ विज्ञान क्याम्पस पढेका थिए । त्यस बेला सरकारी सेवाको ओभरसियर पद आकर्षक मानिन्थ्यो । इन्जिनियर हुन नसकेपछि ओभरसियर भएर सेवा गर्ने चाहना थियो ।

क्याम्पस पढ्दा उनमा सरकारी सेवा बाहेक आफ्नै पेशा व्यवसाय गर्ने इच्छा पनि थियो । अन्य व्यवसायको तुलनामा निर्माण कार्य गर्न गरी सेवा र देश विकासमा योगदान दिन सकिने देखिएपछि निर्माण व्यवसायमा आएका हुन् । हालसम्म भट्टले निर्माण क्षेत्रमा निरन्तरता दिएका छन् । नेपाल विद्युत



प्राधिकरण र सडक डिभिजन कार्यालयका सानो रकमका ठेक्काबाट उनी निर्माण व्यवसाय अघि बढाएका हुन् । भट्टले निर्माण कम्पनी खोलेपछि सबैभन्दा पहिलो नेपाल विद्युत प्राधिकरणका तार तान्ने ठेक्का लिएका थिए ।

यो ठेक्काको रकम दुई लाख थियो । त्यति बेला उनको निर्माण कम्पनी घ वर्गको थियो । व्यवसायमा निरन्तर लागेर भट्टले अहिले कम्पनीलाई क वर्गको बनाएका छन् । उनी हाल वार्षिक एक अर्ब बराबरको निर्माणको ठेक्काको काम गर्छन् । निर्माण व्यवसायी संघमा क वर्गका सात कम्पनी छन् । भट्टले २०७५ मा कम्पनीलाई क वर्गको बनाएका छन् । २०६५ मा ग भएका उनी १० वर्षपछि क वर्गका व्यवसायी बनेका हुन् ।

भट्ट कम्पनी सडक, कार्यालय भवन, सिँचाई लगायतका विकास निर्माणका कार्य ठेक्का लिँदै आएको छ । सुदूरपश्चिमका सबै जिल्लामा निर्माण कार्य गरेका उनी कर्णाली प्रदेशको जुम्ला, हुम्ला, कालिकोट र लुम्बिनी प्रदेशको दाङसम्म काम गरेका छन् । राजधानी काठमाडौंमा समेत ठेक्का लिएर काम गरेको अनुभव उनीसित छ ।

२०३० मा जन्मिएका भट्टले २०५८ मा निर्माण व्यवसायी संघको सदस्यता लिएका हुन् । भट्टले अढाई दशकमा निर्माण क्षेत्रका चुनौती, समस्या, सुधार, प्रविधि प्रयोग सबैका भुक्तभोगी छन् । उनी पहिलोको तुलनामा अहिले निर्माण व्यवसाय क्षेत्र परिस्कृत हुँदै गएको बताउँछन् ।

भट्ट निर्माणमा आउँदा अनलाईन प्रविधि थिएन । कार्यालयमा गएर कागजात पुगाउनु पर्थ्यो । कहिलेकाँही कागजात बुझाउन नसकिने अवस्था थियो । भट्ट अहिले त धेरै फरक भएको बताउँछन् । उनी पहिले र अहिलेमा आकाश पातालको फरक भएको देख्छन् ।

'मैले व्यवसाय सुरु गर्दा अनलाईन थिएन, त्यो बेला र अहिलेको अवस्था तुलना गर्दा आकाश पातालको फरक छ' उनी भन्छन्,'अहिले निकै सजिलो छ, त्यति बेला त्यस्तो थिएन ।'

निर्माण क्षेत्रमा प्रविधिले सजिलो गरे पछि व्यवसायी अझै समस्या भएको उनी बताउँछन् । संघको १५ औं निर्वाचनमा आफू व्यवसायी समस्या समाधान गर्ने लक्ष्य लिएर चुनावी मैदानमा आएको उनको भनाई छ ।

'म शुद्ध निर्माण व्यवसायी हो, मलाई निर्माण व्यवसायी क्षेत्रको समस्या, चुनौती र साथीहरुको पिर मार्का राम्रोसित थाह छ, त्यही हल गर्ने भनेर म महासचिवमा चुनाव लड्दैछु' उनले भने ।

उम्मेदवार भट्टका अनुसार निर्माण व्यवसायी समयमा भुक्तानी नपाएर सबैभन्दा बढी समस्यामा छन् । ठेक्का सम्झौता गरि सकेपछि साइट क्लियर नहुने, निर्माण कार्य अवरुद्ध गर्ने, वन क्षेत्रका ऐन कानुनले काम गर्न नसकिने, कार्यालयले विभिन्न बहानामा पेल्ने लगायतका समस्या सबै व्यवसायीका साझा भएको उनी बताउँछन् ।

निर्माण व्यवसायी संघको सदस्यता शुल्क घटाउने, साना निर्माण व्यवसायीलाई संघमा ल्याउने, संघको भलाई कोष वृद्धि गरी समस्यामा परेका व्यवसायीलाई सहयोग गर्ने प्रतिवद्धता लिएर उनी व्यवसायीसम्म पुगेका छन् ।

'म मैले २५ वर्षसम्म भोगेको र देखेका निर्माण व्यवसायीका समस्या समाधानको बाचा लिएर सबै व्यवसायीसम्म पुगेको छु' उनले भने ।

संघको भलाई कोष केही वर्षदेखि रित्तिएको छ । भलाई कोषमा रकम नभएपछि समस्यामा परेका व्यवसायीले सहयोग पाउन सकेका छैनन् ।

निर्माण व्यवसायी भनेपछि हेलाको दृष्टिले हेर्ने पेशाका रुपमा चिनिन थालेकाले त्यसलाई हटाउनु सबै व्यवसायीले लाग्नु पर्ने उनको भनाई छ । सरकारले समय सापेक्ष ऐन कानुन बनाएर पेशालाई सुरक्षित र नयाँ पुस्ताको आकर्षणको केन्द्र बनाउनु पर्ने उनी बताउँछन् ।

'यो पेशा राम्रो छ, सरकारले नियम कानुन बनाई दिए भविष्यमा आकर्षण बढ्छ' उनले भने,'त्यसका लागि सरकारले काम गरेको समयमै भुक्तानी दिनु पर्छ, र साइडमा हुने अवरोध हटाएर सहजीकरण गरि दिनुपर्छ ।'

महासचिव पदका उम्मेदवार भट्टले नेपाल निर्माण व्यवसायी महासंघसित सहकार्य समन्वय गरी व्यवसायीका समस्या हल गर्न आफू सधैं सक्रिय हुने बताए । उनले सम्पूर्ण साधारण सदस्यहरुलाई आफुलाई भोट दिएर जिताउन आग्रह गरेका छन् ।

# सुदूरपश्चिम प्रदेशमा गिद्धको अवस्था सुधारोन्मुख

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १७ भदौ**

सुदूरपश्चिम प्रदेशमा गिद्धको अवस्था सुधारोन्मुख देखिएको छ । पछिल्लो समय समुदायका मानिसमा संरक्षणसम्बन्धी बढेको चेतना, गिद्धलाई असर गर्ने विषादी निषेधलगायत कारणले गिद्धको अवस्था सुधारोन्मुख भएको हो ।

विगतमा धेरै देखिएको गिद्ध बिचमा हराउन थालेका थिए तर समुदाय सचेत हुनुका साथै संरक्षणसम्बन्धी गतिविधि बढेपछि फेरि गिद्धको 'कोलोनी' यत्रतत्र देखिन थालेको छ ।

यस प्रदेशको कञ्चनपुर, कैलाली, बैतडी, डडेलधुरामा गिद्धको कोलोनी रहेको चराविद् एवं नेपाल पन्छी संरक्षण सङ्घ (बिसिएन) का फिल्ड अधिकृत हिरुलाल डङ्गौराले जानकारी दिए । उनले यस वर्ष थप कोलोनी पत्ता लाग्ने सम्भावना रहेको उल्लेख गरे । डङ्गौराले भने, 'कतिपय ठाउँमा अझै पुग्न सकेका छैनौं यस प्रदेशको थप अन्य जिल्लामा गिद्धको नयाँ कोलोनी फेला पर्ने सम्भावना धेरै छ ।'

गिद्धको समूहलाई कोलोनी भन्ने गरिन्छ । यस्ता कोलोनी विगतमा कैलालीमै धेरै थिए । कैलालीको जाली सामुदायिक वनक्षेत्र र खुटिया वनक्षेत्रमा २०६८ सालतिर गिद्धको कोलोनी नेपालमै सबैभन्दा ठुलो पाइएको संरक्षणकर्मी विजयराज श्रेष्ठ बताउछन् । उनले भने, 'पछि त्यो कोलोनी अन्यत्र सर्यो तर कैलालीका थुप्रै ठाउँमा अझै पनि गिद्धले गुँड लगाउने गरेका छन् ।'

आफैं सिकार नगर्ने तर मरेका, सडेगलेका सिनोमात्रै खाने गरेकाले गिद्धलाई प्रकृतिको



कुचीकार पनि भनिन्छ । गिद्धले वातावरणलाई प्रदूषित र दुर्गन्धित हुनबाट जोगाउनुका साथै स्वच्छ, सफा राखी हैजा, आउँ, झाडापखाला, रेबिज, प्लेग, क्षयरोग, एनथ्राक्स जस्ता रोगको महामारी फैलिनबाट जोगाउने गरेका छन् । गिद्ध प्रकृतिको अभिन्न अङ्ग रहेकाले पर्यावरणीय चक्र र खाद्य शृङ्खला सन्तुलित राख्न यसको उपस्थिति अनिवार्य रहेको संरक्षणकर्मी बताउँछन् ।

सुदूरपश्चिम प्रदेशमा गत वर्ष १४३ वटा गिद्धको सक्रिय गुँड भेटिएको थियो । यस वर्ष बढेर १५५ पुगेको बिसिएनले जानकारी दिएको छ । सो संस्थाले हरेक वर्ष गिद्धको गुँड अनुगमन गर्ने गरेको छ । यस वर्ष कञ्चनपुरमा सबैभन्दा बढी १२६, बैतडीमा १२, डडेलधुरामा १० र कैलालीमा सात वटा गुँड पाइएको छ ।

कञ्चनपुर र डडेलधुरामा गिद्धको गुँड बढेको छ भने कैलाली र बैडीमा विगत वर्षको तुलनामा केही घटेको छ । यस प्रदेशमा अति सङ्कटापन्न डङ्गर, सानो खैरो, लामो ठुँडे, सुन गिद्ध, सङ्कटापन्न सेतो गिद्ध र सङ्कटको नजिक रहेका हिमाली, हाडफोर, खैरो, राज गिद्ध गरी नौ प्रजातिका गिद्ध पाइने गरेका छन्। कञ्चनपुरमा आठ र कैलालीमा सात प्रजातिका गिद्ध रहेका जनाइएको छ ।

यसैबिच नेपालमा साताव्यापी रूपमा १७ औं अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस सचेतनामूलक विविध कार्यक्रम गरेर मनाउन थालिएको छ। प्रत्येक वर्ष सेप्टेम्बरको पहिलो शनिबार अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस संसार मनाउने गरिन्छ । नेपालमा आफ्नो योजना र अनुकुलता अनुसार सेप्टेम्बर १ देखि ७ सम्म यो दिवस मनाइन्छ । विषादी प्रयोग, वनविनाश, बासस्थानको विनाशलगायतका कारणले गिद्धको अस्तित्व खतरामा परिरहेको छ । यद्यपि गिद्ध संरक्षणका लागि पछिल्लो समय नेपालका विभिन्न जिल्लामा जटायु रेस्टुरेन्ट सञ्चालनमा ल्याइएको छ ।

कुखुरा तथा मानिसमा लाग्ने बर्ड फ्लु
(Avian Influenza–H1N1)

**रोग सम्बन्धि**
**अत्यन्त जरुरी सूचना**

**छिमेकी राष्ट्र भारतका सिमावर्ती जिल्लाहरु उधमसिह नगर र बागेश्वरमा उच्च संक्रमण जोखिम भएको बर्ड फ्लु रोग फैलिएको भन्ने भारतिय सञ्चार माध्यमबाट जानकारीमा आएकोले कञ्चनपुर जिल्लाका पन्छीपालक कृषकहरुले उच्च सतर्कता अपनाउनु हुन हार्दिक अनुरोध छ ।**

**बर्ड फ्लु रोगका लक्षणहरुः**
- अत्याधिक धेरै संख्यामा कुखुराहरु मर्ने ।
- कुखुराको आँखा घाँटी वरिपरी सुन्निनु
- आँखा र नाकबाट पानी चुहिनु
- सिउर लोती र खुट्टा निलो हुनु ।
- श्वासप्रश्वासमा समस्या घाँटी घ्यार घ्यार गर्नु ।
- झोक्राउने दानापानी नखाने र अण्डा उत्पादन घट्ने ।

**माथि उल्लेखित लक्षणहरु देखा परेमा यथासिघ्र आफ्नो गाउँपालिका/नगर पालिकाको पशुपन्छी शाखामा वा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु हुन अनुरोध छ ।**

सुदूरपश्चिम प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**पशुपन्छी तथा**
**मत्स्य विकास निर्देशनालय**
दिपायल,डोटी

क्षेत्रीय अखबार
पश्चिम नेपाल दैनिक



# कुखुरा तथा मानिसमा लाग्ने बर्ड फ्लु (Avian Influenza–H1N1)

## रोग सम्बन्धि अत्यन्त जरुरी सूचना

छिमेकी राष्ट्र भारतका सिमावर्ती जिल्लाहरु उधमसिंह नगर र बागेश्वरमा उच्च संक्रमण जोखिम भएको बर्ड फ्लु रोग फैलिएको भन्ने भारतिय सञ्चार माध्यमबाट जानकारीमा आएकोले कञ्चनपुर जिल्लाका पन्छीपालक कृषकहरुले उच्च सतर्कता अपनाउनु हुन हार्दिक अनुरोध छ ।

**बर्ड फ्लु रोगका लक्षणहरू:**

- अत्याधिक धेरै संख्यामा कुखुराहरु मर्ने ।
- कुखुराको आँखा घाँटी वरिपरी सुन्निनु
- आँखा र नाकबाट पानी चुहिनु
- सिउर लोती र खुट्टा निलो हुनु ।
- श्वासप्रश्वासमा समस्या घाँटी घ्यार घ्यार गर्नु ।
- झोक्राउने दानापानी नखाने र अण्डा उत्पादन घट्ने ।

माथि उल्लेखित लक्षणहरु देखा परेमा यथासिघ्र आफ्नो गाउँपालिका/नगर पालिकाको पशुपन्छी शाखामा वा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु हुन अनुरोध छ ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कञ्चनपुर**

# सुदूरपश्चिम विश्वविद्यालय

**केन्द्रीय कार्यालय**
**महेन्द्रनगर, कञ्चनपुर**

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मिति: २०८२/०४/१५)

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरण: २०८२ साउन तेस्रो हप्तादेखि |
| व्यवस्थापन | BBA, BBS / BHM | २. प्रवेश परीक्षा सञ्चालन: २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | ३. विद्यार्थी भर्ना कार्यक्रम: २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | |
| कानून | B.A. LL.B | ४. पठनपाठन प्रारम्भ: २०८२ कात्तिक तेस्रो हप्तादेखि । |
| कृषि विज्ञान | B.Sc. Ag. | ५. सत्रान्त परीक्षा: २०८२ चैत दोस्रो हप्ता |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | ६. नतिजा प्रकाशन क्रमश: २०८३ जेठ महिनाभित्र |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ । अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

रजिस्ट्रार


जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर

**नयाँ विद्यार्थी भर्ना सम्बन्धि सूचना**



त्रि.वि.बाट सम्बन्धन प्राप्त सुदूरपश्चिमको अग्रणी शैक्षिक संस्था
यस **जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर कञ्चनपुरमा स्नातक तह प्रथम वर्ष /सेमेष्टर र कक्षा ११ मा शैक्षिक** सत्र २०८२/०८३ का लागि तपशिलका विषयमा अंग्रेजी र नेपाली दुबै माध्यममा भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

**तपशिल**

Management 4 years
-Finance
-Accountancy
-Management

Humanities (B.A)
-English
-Rural Devlopment
-Sociology and Anthropology
-Nepali
-Economics
-Social work
-BCA It related subject

Education (B.Ed) 4 years
-English Education
-Nepali Education
- Health Education
- Education (Nepali, Math, English)
-Arts (Law)
-Management (Business and Computer)

**हाम्रा विशेषताहरु**
-अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन
-विद्यालय तहदेखि स्नातकोत्तर तहसम्म पढाई हुने सुदूरपश्चिमको विशाल शैक्षिक संस्था
-त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कोर्षहरु पढाइने
-न्यूनतम शुल्कमा गुणस्तरीय अध्ययन
-जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था
-विद्यार्थी केन्द्रित सिकाई प्रणाली

**भर्ना कार्यक्रम**

BBS & B.Edm
**फाराम वितरण र भर्ना :** साउन २३ देखि भदौ १५ गतेसम्म
**कक्षा सञ्चालन :** भदौ १८ गतेदेखि
**कक्षा समय :** बिहान ६ बजेदेखि १०:४५ बजेसम्म
**भर्ना कार्यक्रम** BCA
फाराम वितरण तथा Online Entry भदौ १५ गतेसम्म
**प्रवेश परीक्षा :** भदौ २८ गते
**कक्षा सञ्चालन :** असोज २ गते बिहान ६:१५ बजेदेखि १०:४५ बजेसम्म



विस्तृत जानकारीका लागि सम्पर्क
**जनज्योति बहुमुखी क्याम्पस**
भाँसी कञ्चनपुर, फोन नं. ०९९-४१८१३१,९८५८७७५०८५, ९८५८७७५०९६, ९८५८७७५०८३



आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
**डॉ. योगेश नागेंदर**
M.B.B.S., MD, DM (Cardiology)
वरिष्ठ हृदय रोग विशेषज्ञ 14 वर्षों का अनुभव
एंजियोग्राफी
पेसमेटर
एंजियोप्लास्टी
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी


# निर्माण व्यवसायी संघ कञ्चनपुर

## २८ औं वार्षिक साधारण सभाको कार्यक्रम सम्बन्धि सूचनाको समय संशोधन गरिएको बारे

निर्माण व्यवसायी संघ कञ्चनपुरको २८ औं वार्षिक साधारण सभाको कार्यक्रम तपशिलको मिति, समय र स्थानमा हुने व्यहोरा यस संघका सम्पूर्ण साधारण सदस्यज्यूहरुलाई यसै सूचना मार्फत जानकारीका लागि अनुरोध गरिन्छ ।

**कार्यक्रम**

**मिति** :- २०८२ भदौ २० गते शुक्रबार **समय** : चियापान बिहान ८:०० बजेदेखि ९:०० बजेसम्म
उद्घाटन समारोह : -९:०० बजे **स्थान** : -ममताज पार्टी प्यालेश, भीमपा ३ कञ्चनपुर


आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
**डॉ. गणेश बी. एल.**
M.Ch. (Neurosurgery) (DELHI AIIMS)
वरिष्ठ न्यूरो रोग विशेषज्ञ (8 वर्षों का अनुभव)
क्या आपको सिर, गर्दन एवं कमर में दर्द है ?
खटीमा के पहले एंडोवैस्कुलर ब्रेन एवं स्पाईन रोग विशेषज्ञ
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी


# सुदूरपश्चिम विश्वविद्यालय

**केन्द्रीय क्याम्पस**

## शिक्षाशास्त्र केन्द्रीय विभाग

**महेन्द्रनगर, कञ्चनपुर**

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धमा

*मिति २०८२/०४/२०*

सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र वि.एड. CSIT विषयमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

तपसिल:

| क.सं | विवरण | मिति |
|---|---|---|
| १. | प्रवेश परीक्षा आवेदन फाराम वितरण | २०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म |
| २ | प्रवेश परीक्षा संचालन | २०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि |
| ३ | प्रवेश परीक्षाको नतिजा प्रकासन | २०८२ भाद्र ३१ गते |
| ४ | विद्यार्थी भर्ना कार्यक्रम | २०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म |
| ५ | कक्षा संचालन | २०८२ कार्तिक १६ गतेदेखि |

नोट:

- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र ।
- फारम शुल्क: रु १०००/- (नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्क: रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैंक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ ।

आवश्यक प्रमाणपत्रहरु:

- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट ।
- हालसालै खिचेको फोटो २ प्रति
- स्नातक तहको प्रवेश परीक्षामा सामेल हुनका लागि Transcript मा B.Ed. CSIT अध्ययनको लागि CGPA १.८ वा ४५ प्रतिसत भन्दा माथि र अन्य विषयको लागि CGPA १.६ वा ४० प्रतिसत भन्दा माथि भएको हुनु पर्नेछ ।

विभागीय प्रमुख

